एम्नेस्टी इन्टरनेसनल

**प्रेस वक्तव्य**

२० अक्टोवर २०१४ (२०७१ कात्तिक ३)

# दक्षिण कोरिया : कृषिक्षेत्रमा कार्यरत आप्रवासी श्रमिकहरु उपरको व्यापक ज्यादती अन्त्य गरियोस् ।

दक्षिण कोरिया सरकारले त्यहाँ कृषि क्षेत्रमा कार्यरत आप्रवासी श्रमिकहरु माथि भैरहेको शोषण र उनीहरु उपर व्यापक मात्रामा हुँदै आएको जबरजस्ती श्रमको अवस्था अन्त्य गर्नुपर्ने कुरा एम्नेस्टी इन्टरनेसनलले जनाएको छ । दक्षिण कोरियाको कृषि उद्योगमा कसरी शोषण भैरहेको छ भन्ने उजागर गर्दै तयार गरिएको एक नयाँ प्रतिवेदन सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनलले उक्त कुरा बताएको हो ।

*Bitter Harvest* (पीडादायी बाली) विषयक सो प्रतिवेदनले दक्षिण कोरियाको रोजगार अनुमती प्रणाली ( इपिएस) को खास अवस्थालाई चित्रण गरेको छ, जसले कृषि क्षेत्रका आप्रवासी श्रमिकहरुलाई गम्भीर प्रकृतिका शोषणमा पार्ने गर्दछ । देशभित्रै यथेष्ट मात्रामा श्रमिकहरु भर्ना गर्न नसकेर समस्यामा परेका साना तथा मझौला वर्गका उद्यमीहरुलाई सरकारले नै आप्रवासी श्रमिकहरु व्यवस्था गरिदिन यो रोजगार प्रणालीको अवधारणा ल्याइएको हो ।

“कृषिक्षेत्रमा काम गर्ने आप्रवासी श्रमिकहरुमाथि गरिने शोषण दक्षिण कोरियाको इज्जतमा एउटा दाग हो । त्यहाँका अधिकारीहरुले त्यस्तो प्रणालीको विकास गरे जसको आडमा श्रम शोषणका लागि मानव ओसारपसार भैरहेको छ र जबरजस्ती श्रमले बढावा पाएको छ,” एम्नेस्टी इन्टरनेसनलकी आप्रवासी श्रमिकहरुको अधिकार सम्बन्धी एसिया प्रशान्त क्षेत्रीय अनुसन्धानकर्ता नोर्मा काङ्ग म्युकोले भन्नुभयो ।

“यदि दक्षिण कोरियालीहरुमाथि यस्तै ज्यादतीका श्रृङ्खलाहरु हुन्थे भने तुरुन्त प्रतिरोध हुन्थ्यो ।”

दक्षिण कोरियामा कृषिक्षेत्रमा अनुमानित २०,००० जना आप्रवासी श्रमिकहरु कार्यरत छन् । तीमध्ये धेरैजसो कम्बोडिया, नेपाल र भियतनामबाट इपीएस प्रणाली अन्तर्गत त्यहाँ ल्याइन्छन् । त्यसरी आउनुअघि धेरैजसोले कोरियामा काम पाउनको लागि ज्यादै ठूलो रकम ऋण लिएका हुन्छन्, यस्तो ऋण उनीहरुले कोरियामा गर्ने दुई वर्षको कमाई बराबरको हुने गर्दछ ।

दक्षिण कोरियामा कृषिक्षेत्रमा काम गर्ने आप्रवासी श्रमिकहरुमध्ये धेरैजसो त्यहाँ पुऱ्याइएपछि शोषण र जबरजस्ती श्रममा पर्ने गरेका छन् । एम्नेस्टी इन्टरनेसनलले अनुसन्धान गरेका सबै घटनाहरुमा करारको प्रक्रियामै धोका दिइएको पाइयो । आप्रवासी श्रमिकहरु उनीहरुलाई पहिला बताइएको भन्दा फरक शर्त र अवस्थामा काम गर्न वाध्य भएको कुरा अनुसन्धान प्रतिवेदनले देखाएको छ । त्यसरी वाध्य हुनुमा कुनै न कुनै प्रकारको धम्की दिने गरेको पाइएको र धम्क्याएर काममा लगाउनु जबरजस्ती श्रमको अवस्था हो ।

दक्षिण कोरियाका विभिन्न स्थानका कृषिक्षेत्रमा कार्यरत आप्रवासी श्रमिकहरुसँग गरिएको अन्तर्वार्ताको आधारमा तयार गरिएको प्रतिवेदनले श्रमिकहरुमाथि हुने विभिन्न प्रकारका ज्यादतीहरुलाई दस्तावेजीकरण गरेको छ । यस्ता ज्यादतीहरुमा धम्क्याउने र हिंसा गर्ने, फोहोर वासस्थान, अत्यधिक कार्यघण्टा, साप्ताहिक विदाको अभाव र ओभरटाइमको भुक्तानी नदिइने लगायत रहेका छन् ।

इपीएस रोजगारदातालाई फाइदा हुने प्रकृतिको प्रणाली हो जसले आप्रवासीलाई बन्धनबाट उम्कन नसक्ने अवस्थामा पुऱ्याउँदछ र ज्यादतीको जोखिममा पार्दछ । कृषिक्षेत्रमा कार्यरत श्रमिकहरु, जसमध्ये धेरैजसो आप्रवासी श्रमिकहरु छन्, लाई त्यस देशको श्रमिकहरुले पाउने मुख्य मुख्य कानुनी संरक्षणका प्रावधानहरुले समेट्दैनन् ।

इपीएस रोजगारदाताले आप्रवासी श्रमिकको सहमति बिना नै करार भङ्ग गर्न सक्दछन् तर काम छोड्न चाहने श्रमिकलाई भने रोजगारदाताको लिखित अनुमति चाहिन्छ । यदि यस्तो लिखित अनुमति बिना नै काम छाडेमा रोजगारदाताले "भगौडा" भनेर अध्यागमनमा उजुरी गरिदिने खतरा हुन्छ, जसबाट उनीहरु गिरफ्तारी वा देश निकालामा पर्न सक्दछन् । यदि कसैले आफूखुशी पहिलाको काम परिवर्तन गर्दछन् भने यस अघि तोकिएको अवधिभन्दा रोजगारीको म्याद थप्ने कुरामा सोझै असर पार्ने मात्र नभई आगामी बर्षहरुमा समेत त्यस देशमा काम गर्न जान बन्देज लाग्ने समेत सम्भावना रहन्छ ।

"रोजगार अनुमति प्रणालीले आप्रवासी श्रमिकहरुलाई गैरजिम्मेवार रोजगारदाताको भरमा छाडिदिन्छ जसले यस प्रणालीमा रहेको काम परिवर्तन गर्नमा आप्रवासी श्रमिकहरुमाथि रहेको व्यवधानको अवस्थाको फाइदा उठाउने गर्दछन् । ठूलो ऋणको बोझ भएका धेरैजसो आप्रवासीहरुका लागि आफू उपर ज्यादती गर्ने रोजगारदाताको अधीनमा रहेर काम गर्नु नै अन्तिम विकल्प रहन्छ," नोर्मा काङ् म्युकोले भन्नुभयो ।

आफूले तलव नपाएपछि सरकारले सञ्चालन गरेको रोजगार केन्द्रमा गएर उजुरी गरेकोमा प्रणालीको प्रयोग गर्दै आफूलाई नियन्त्रणमा राख्न आफ्ना रोजगारदाताले कसरी प्रयास गरे भन्ने कुरा सुनाउँदै एक २६ वर्षिया भियतनामी महिला श्रमिकले भनिन्, "मेरो मालिकले यहाँबाट जान अनुमति दिन्न भने र तीन वर्षसम्म काममा लगाउने एवं करारको अवधि थप्न अनुमति नदिने बताए ।"

**ज्यादतीपूर्ण अवस्था**

रोजगारदाताले शारीरिक रुपमै आक्रमण गरेका आप्रवासी श्रमिकहरुको घटना पनि एम्नेस्टी इन्टरनेसनलले फेला पार्‍यो । एकजना कम्बोडियन मानिसले उनको सुपरभाइजरले उनलाई ढाडै सड्किने गरी पिटेर खेतको गरामा थचक्कै बसाएका थिए भनी बताए : "म्यानेजर एकदम क्रुद्ध भए र मेरो कठालो समाते । म्यानेजरको कान्छो भाईले मेरो घाँटी अँठ्यायो र म्यानेजरले पिट्न थाल्यो । पछि दुवैजना भएर मेरो शरीरको यत्रतत्र मुक्का र लात्तीले हाने ।"

प्रतिवेदनले आप्रवासी श्रमिकहरु कसरी फोहोर वासस्थानमा वस्न बाध्य पारिएका छन् भन्ने कुरा पनि उल्लेख गरेको छ । त्यस्ता वासस्थानमा प्रायः शौचालयको व्यवस्था नगरिएको पाइयो । रोजगारदाताले दिने गरेको खाना अपर्याप्त र कम गुणस्तरको हुने गरेको पाइयो । एक जना भियतनामी मानिसले मालिकले उनलाई एउटा ट्याङ्कीको पानी खान भनेको जुन अत्यन्तै फोहोर र पानीमा विषादी मिसिएको थियो भनी एम्नेस्टी इन्टरनेसनललाई बताए ।

जाडोयामका महिनाहरुमा धेरैजसो आप्रवासी श्रमिकहरुले अभावको सामना गर्नु पर्दछ । तीन वर्ष अवधिको अविच्छिन्न कामको लागि करार गरे पनि रोजगारदाताहरुले बाली लगाउने मौसमका काम गरेको दिनहरुको मात्र ज्याला भुक्तानी गर्दछन् ।

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता गरेका आप्रवासी श्रमिकहरुले बिना विश्राम वा बिदा अत्यधिक कार्यघण्टा काम गर्नु परेको पनि गुनासो गरे । अन्तर्वार्ता गरिएकाहरु प्रति महिना २५० देखि ३६४ घण्टासम्म काम गर्नेहरु थिए जुन दैनिक सरदर १० घण्टा प्रतिदिन पर्न आउँछ । यो कार्यघण्टा उनीहरुको करारमा उल्लेख भएको भन्दा बढी हो तर अन्तर्वार्ता गरिएकाहरुमध्ये झण्डै सबैजसोले ओभरटाइम कामको भुक्तानी पाउँदैनथे ।

"खेतीको काम कडा शारीरिक परिश्रमको काम अन्तर्गत पर्दछ । आप्रवासी श्रमिकहरुलाई अत्यधिक कार्यघण्टा काम गर्न वाध्य बनाउने तर पर्याप्त खाना, आवास र विश्राम गर्न नदिनु अस्वीकार्य छ," नोर्मा काङ्ग म्युकोले भन्नुभयो ।

हानिकारक विषादीबाट बच्न पर्याप्त सुरक्षा व्यवस्था नगरिएको अवस्थामा समेत आप्रवासी श्रमिकहरु काम गर्न वाध्य हुन्छन् । एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता गरेका धेरैजना आप्रवासीहरुले लगातार विषादी चलाउनु पर्दा उनीहरुको स्वास्थ्यमा परेको नकारात्मक असरका बारेमा बताए ।

कम्बोडियाबाट आएका एकजना मानिसले एम्नेस्टी इन्टरनेसनललाई भने, "मैले दुई महिनासम्म हरेक दिन खेतमा विषादी छर्नु पर्‍यो । जसले मलाई टाउको दुख्ने समस्या उत्पन्न भयो । कसरी विषादी छर्नु पर्छ र आफूलाई कसरी सुरक्षित राख्न सकिन्छ भनेर मलाई सिकाइएको थिएन । मेरो रोजगारदाताले केवल विषादी

छर्कने काम लगाए मात्र । उनले मलाई कपडाको एउटा मास्क त दिएका थिए तर त्यसले मलाई कुनै पनि हिसावले सुरक्षित बनाएन । मेरो मुख र नाकबाट विषादी शरीर भित्र पस्दथ्यो ।"

इपीएस नियम अन्तर्गत गैरकानुनी भएतापनि रोजगारदाताहरुले श्रमिकहरुलाई अर्को फार्ममा सब-कन्ट्र्याक्टमा लगाउने गरेको एम्नेस्टी इन्टरनेसनलले प्रशस्त मात्रामा पायो । अन्तर्वार्ता गरिएकामध्ये आधा संख्याकालाई गैरकानुनी हिसावले सब-कन्ट्रयाक्ट गरिएको थियो । त्यसरी सब-कन्ट्र्याक्ट गरिएकाहरुले त्यसका लागि राजी नभए काम गुम्ने खतरा भएको हुँदा आफूसँग सब-कन्ट्रयाक्टलाई स्वीकार्नुको विकल्प नभएको बताए ।

"धेरै फार्मका मालिकहरुले आप्रवासी श्रमिकहरुलाई आफूखुशी व्यवसायका लागि प्रयोग गरिने वस्तुका रुपमा व्यवहार गरेको पाइयो र उनीहरुको हकहित वा अधिकारको सम्मान गरिएको पाइएन ।" नोर्मा काङ् म्युकोले भन्नुभयो ।

**सरकारको कमजोरी**

आफूमाथि अन्याय भएपछि मद्दत खोज्दै सरकारी निकायमा जाने आप्रवासीहरुको उजुरी अघि नबढाइदिएर त्यसरी न्याय खोजी गर्ने कुरामा चरम हतोत्साहन गर्ने गरिएको एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानमा पाइएको छ । प्राय गरेर त्यसरी उजुरी गर्न जानेहरुलाई रोजगारदाताहरुकोमै फर्काइन्छ र रोजगारदातासँग या त माफी माग्न लगाइन्छ, या त काम छाड्ने अनुमति फाराममा हस्ताक्षर गराउन लगाइन्छ ।

कृषिक्षेत्रका आप्रवासी श्रमिकहरु विरुद्ध मानव बेचविखन र जबर्जस्ती श्रम लगायत ज्यादती गर्ने रोजगारदाताहरुले नगन्य मात्र सजायको सामना गर्दछन् । यो त्यसकारणले पनि हो कि इपीएस प्रणालीले श्रमिकहरुलाई काम परिवर्तन गर्न हतोत्साहन गर्दछ र श्रम अधिकृतलाई उजुरी दर्ता गर्न खासै वाध्य पार्दैन ।

"खुलमखुला देखिएको ज्यादतीजन्य श्रमको अवस्था र ज्यादतीकर्तालाई त्यसो गर्न रोग लगाउनु पर्ने जिम्मेवारी उपर आँखा चिम्लेर कोरियाली अधिकारीहरुले आप्रवासी श्रमिकहरुलाई ज्यादतीपूर्ण अवस्थाको सामना गर्नु पर्ने परिस्थितिमा पुर्याएका छन्," नोर्मा काङ् म्युकोले भन्नुभयो ।

एम्नेस्टी इन्टरनेसनल दक्षिण कोरिया सरकारलाई निम्न कामहरु गर्न आह्वान गर्दछ :

- जबरजस्ती वा वाध्यकारी श्रमसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. २९ र मानव बेचविखन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रोटोकल अनुमोदन गर्न;
- कार्यघण्टा, दैनिक विश्राम र साप्ताहिक वैतनिक विदाको विषयलाई आप्रवासी लगायत सबै र जुनसुकै क्षेत्रमा काम गर्ने श्रमिकका अधिकारका रुपमा व्यवस्था गर्न;
- इपीएस प्रणालीमा कार्यरत श्रमिकले आफ्नो रोजगारदाताको विरुद्धमा उजुरी दिएको अवस्थामा त्यस्ता श्रमिकलाई उक्त उजुरीको अनुसन्धान किनारा नलागेसम्म अर्को ठाउँमा काम गर्न दिने व्यवस्था गर्न;
- रोजगारदाताको अनुमति बिना नै इपीएस प्रणालीमा कार्यरत सबै श्रमिकहरुलाई काम परिवर्तन गर्न अनुमति दिने व्यवस्था गर्न;
- इपीएस प्रणाली अन्तर्गतका श्रमिकहरुलाई काम परिवर्तनका लागि विद्यमान सबै बन्देजहरु हटाउन;

समाप्त


- ✓ थप जानकारीका लागि Tom Mackey हङकङ् +852 6026 3992 tom.mackey@amnesty.org

- ✓ यस प्रतिवेदनसँग सम्बन्धित तस्वीरहरु प्राप्त गर्न https://adam.amnesty.org/asset-bank/images/assetbox/d0ec3889-40b8-4ce2-9c71-0d39a3596fc4/assetbox.html